कार्यपालिकाको बैठक संख्याः ९ (नवौं)
बैकठको अध्यक्षताः ठान बहादुर रोकाया

मितिः २०८१।१०।२४
समयः बिहान ११ बजे।
स्थानः सर्केगाड गा.पा. को कार्यालय

उपस्थितिः

क. सं.	नाम	पद	हस्ताक्षर
१	ठान बहादुर रोकाया	अध्यक्ष	
२	देवकी तिमल्सिना (रोकाया)	उपाध्यक्ष	
३	कृष्ण केशर आचार्य	स. सचिव	
४	बल बहादुर कार्की	वडा अध्यक्ष १	
५	सिद्ध कार्की	वडा अध्यक्ष २	
६	अकिल कार्की	वडा अध्यक्ष ३	
७	धन बहादुर छत्याल	वडा अध्यक्ष ४	
८	दल बहादुर सिंह	वडा अध्यक्ष ५	
९	पदम बहादुर शाही	वडा अध्यक्ष ६	
१०	बल बहादुर ~~कार्की~~ रावत	वडा अध्यक्ष ७	
११	रंगमल रोकाया	वडा अध्यक्ष ८	
१२	आईति ऐडी	का. सदस्य	
१३	ज्ञानसिंह वि.क.	का. सदस्य	
१४	बाँसु कामी	का. सदस्य	
१५	याङ्गी थापा	का. सदस्य	
१६	सुपारी शाही	का. सदस्य	
१७	रतिबाने बिक	का. सदस्य	

CamScanner

प्रस्तावहरुः

१. संघीय समपूरक र विशेष अनुदान मागका लागि आयोजना छनौट सम्बन्धमा।
२. प्रदेश समपूरक र विशेष अनुदान मागका लागि आयोजना छनौट सम्बन्धमा।
३. करार सेवा नविकरण सम्बन्धमा ।
४. एम्बुलेन्स चालक तथा हल्का सवारी चालक नियुक्ती सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको आर्थिक वर्ष ०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्नेसम्बन्धी मितिः २०८१/१०/१६ को सूचना बमोजिम समपूरक अनुदान सम्बन्धि कार्यविधि २०८१, मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने समपूरक तथा विशेष अनुदान अन्तर्गत यस सर्केगाड गाउँपालिकामा आर्थिक वर्ष ०८२/०८३ मा गाउँपालिकाको भौतिक सामाजिक विकासमा योगदान पुर्याउने उद्देश्य साथै गाउँपालिकाका सबै वडाहरुलाइ सडक सञ्जालसँग जोड्ने गाउँपालिकाको पहिलो प्राथमिकतालाइ केन्द्रमा राख्दै समपूरक अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजनाहरु माग गर्ने निर्णय गरियो ।

तपशिल

क्र.सं.	आयोजनाको नाम, ठेगाना	ठेगाना	प्रस्तावित बजेट	कैफियत
१	डाँडासाया विद्यालय देखि औल बराइ स्वयम्भु आ.वि. हुँदै स्वास्थ्य भवनसम्म सडक निर्माण योजना	सर्केगाड गाउँपालिका ४ र ६ हुम्ला।	१,९९,९७,७२४.४३	
२	स्यालतडी देखि छयाँगी पशुपति आ.वि. हुँदै बराइसम्म सडक निर्माण योजना	सर्केगाड गाउँपालिका वडा नं. ६ हुम्ला	२,०१,३८,२०८.८८	
३	उनापानी ३ नं. वडा कार्यालय देखि लिप्ने हुँदै २ नं. वडा कार्यालय रिपसम्म सडक निर्माण योजना	सर्केगाड् गाउँपालिका वडा नं. ३ र २ हुम्ला	२,००,२८,१४४.५०	

निर्णय नं.२

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको आर्थिक वर्ष ०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्नेसम्बन्धी मितिः २०८१/१०/१६ को सूचना बमोजिम विशेष अनुदान सम्बन्धि कार्यविधि २०८१, मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने विशेष अनुदान अन्तर्गत यस सर्केगाड गाउँपालिकामा आर्थिक

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण कुमार आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

वर्ष ०८२/०८३ मा गाउँपालिकाको सामाजिक विकासतर्फ शिक्षा क्षेत्रको गुणात्मक विकासका लागि विगत २ वर्षदेखि क्रमागत रुपमा सञ्चालन हुँदै आएको **प्रविधिमैत्री पूर्वाधार तथा क्षमता अभिवृद्धि कार्यक्रमको माध्यमबाट शिक्षाको गुणस्तर सुधार परियोजनालाइ** निरन्तरता दिइ देहाय बमोजिमको बजेट माग गर्ने निर्णय गरियो।

तपशिल

क्र.सं.	आयोजना परियोजनाको नाम	प्रस्तावित बजेट	कैफियत
१	प्रविधिमैत्री पूर्वाधार तथा क्षमता अभिवृद्धि कार्यक्रमको माध्यमबाट शिक्षाको गुणस्तर सुधार परियोजना	२,४५,००००।-	
२	सर्केगाड गाउँपालिकामा कृषि विकास, जीवनस्तर सुधार सहयोग तथा आयआर्जन विकास परियोजना(३ वर्षे)	३,००,००,०००।-	

निर्णय नं. ३

प्रस्ताव नं. २ माथि छलफल गर्दा कर्णाली प्रदेश योजना आयोगको आर्थिक वर्ष ०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वानसम्बन्धी सूचना बमोजिम सर्केगाड गाउँपालिकामा कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने समपूरक अनुदान अन्तर्गत यस सर्केगाड गाउँपालिकामा आर्थिक वर्ष ०८२/०८३ मा गाउँपालिकाको भौतिक सामाजिक विकासमा योगदान पुर्याउने उद्देश्य साथै गाउँपालिकाका सबै वडाहरुलाइ सडक सञ्जालसँग जोड्ने गाउँपालिकाको पहिलो प्राथमिकतालाइ केन्द्रमा राख्दै समपूरक अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजनाहरु माग गर्ने निर्णय गरियो।

तपशिल

क्र.सं.	आयोजनाको नाम, ठेगाना	ठेगाना	प्रस्तावित बजेट	कैफियत
१	डाँडासाया विद्यालय देखि औल बराइ स्वयम्भु आ.वि. हुँदै स्वास्थ्य भवनसम्म सडक निर्माण योजना	सर्केगाड गाउँपालिका ४ र ६ हुम्ला।	१९९९७७२४.४३	
२	स्यालतडी देखि छयाँगी पशुपति आ.वि. हुँदै बराइसम्म सडक निर्माण योजना	सर्केगाड गाउँपालिका वडा नं. ६ हुम्ला	२०१३८२०८.८८	
३	उनापानी ३ नं. वडा कार्यालय देखि लिप्ने हुँदै २ नं. वडा कार्यालय रिपसम्म सडक निर्माण योजना	सर्केगाड गाउँपालिका वडा नं. ३ र २ हुम्ला	२००२८१४४.५०	

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण कुमार आचार्य
प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. २ माथि छलफल गर्दा कर्णाली प्रदेश योजना आयोगको आर्थिक वर्ष ०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वानसम्बन्धी सूचना बमोजिम सर्केगाड गाउँपालिकामा कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने विशेष अनुदान अन्तर्गत बमोजिम विशेष अनुदान सम्बन्धि कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने विशेष अनुदान अन्तर्गत यस सर्केगाड गाउँपालिकामा आर्थिक वर्ष ०८२/०८३ मा गाउँपालिकाको सामाजिक तथा आर्थिम विकासमा जोड दिने उद्देश्यले देहाय बमोजिमको बजेट माग गर्ने निर्णय गरियो।

तपशिल

क्र.सं.	आयोजना परियोजनाको नाम	प्रस्तावित बजेट	कैफियत
१	सुर्यज्योती आधारभूत विद्यालय सर्केगाड गाउँपालिका ७ हुम्ला भवन निर्माण	६००००००	
२	भवानी आधारभूत विद्यालय सर्केगाड गाउँपालिका ५ हुम्ला भवन निर्माण	६००००००	
३	जैर स्वास्थ्य चौकी सर्केगाड गाउँपालिका १ हुम्ला भवन निर्माण	६००००००	
४	सर्केगाड गाउँपालिका लिस्नो सुधार कार्यक्रम	६००००००	

निर्णय नं. ६

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिकामा रहेको एम्बुलेन्स चालकको कार्यसम्पादन सन्तोषजनक नदेखिएकोले गत श्रावण देखि निजको करार सेवा भङ्ग गरीएको साथै नविकरण नगरिएको र लामो समयदेखि एम्बुलेन्स सेवा बन्द अवस्थामा रहेको हुँदा आकस्मिक सेवाको रुपमा एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागि २०८१ फाल्गुन १ देखि २०८२ असार मसान्तसम्मको लागि सर्केगाड गाउँपालिका वडा नं. ८ निवासी ठान बहादुर वि.क.लाइ एम्बुलेन्स चालक नियुक्त गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने निर्णय गरियो। साथै गाउँपालिकाबाट चारपाङ्ग्रे सवारी साधन स्कार्पियो खरिद भइसकेको हुँदा स्कार्पियोको हल्का सवारी चालकका लागि सर्केगाड गाउँपालिका वडा नं. ५ बस्ने मुकुन्द बुढालाइ मितिः २०८१/१०/१५ देखि लागु हुने गरी हल्का सवारी चालक नियुक्त गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सर्केगाड गाउँपालिका अन्तर्गतको न्यायिक समितिको कार्यालयमा सहजिकरण गर्न तथा गाउँपालिका उपाध्यक्षको कार्यकक्षमा सहजिकरण गर्नका लागि सर्केगाड गाउँपालिका वडा नं. ८ निवासी श्री बासमती ऐडीलाइ कार्यालय सहयोगीका रुपमा मिति २०८१ फागुन १ देखि २०८२ असार मसान्तसम्मका लागि करार सेवामा लिने निर्णय गरियो साथै निजको सेवा सुविधा गाउँपालिकामा कार्यरत अन्य कार्यालय सहयोगी सरह गर्ने निर्णय गरियो।

ठान बहादुर रोकाया
अध्यक्ष

CamScanner